म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक १३९ सोमबार, १२ पुस २०७८ नवमी ने. सं. ११४२ थिंलागा 27 December, 2021 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## हेटौंडा क्याम्पसमा भर्ना खुलाइयो

हेटौंडा/देशकै उत्कृष्ट क्याम्पसका रुपमा पुरस्कृत हेटौंडा क्याम्पसमा नयाँ शैक्षिक सत्रका लागि बिए, बिबिएड र बिबिएसको भर्ना खुलेको छ ।

गतवर्ष एमएड चौथो सेमिष्टरमा ४४ दशमलव ६१ प्रतिशत ल्याएर नेपाल प्रथम भएको हेटौंडा क्याम्सले नयाँ शैक्षिक सत्रमा भर्ना खुलाएको हो । क्याम्पस प्रमुख देवचन्द्र मानन्धरका अनुसार बिबिएस र बिएडमा ३ सय र बिएमा २ सय सिटका लागि भर्ना खुलेको हो । हेटौंडा क्याम्पसले विगतमा बिएड कक्षा मात्रै सञ्चालन गर्दै आएकोमा हाल बिबिएस र बिएका कक्षापनि सञ्चालन गरेको हो । क्याम्पसले कुल विद्यार्थीमध्ये ६ प्रतिशतलाई छात्रवृति पनि प्रदान गर्दै आइरहेको छ । महिला, जनजाती, सिमान्तकृत र विपन्न विद्यार्थीलाई छात्रवृति दिइने क्याम्पस प्रमुख मानन्धरले जानकारी दिए । उनले जिल्ला बाहिरका विद्यार्थीलाई विशेष छुटको कार्यक्रम रहेको बताए । राष्ट्रिय खेलाडी तथा ए प्लस ल्याएर उत्तीर्ण हुने विद्यार्थीलाई ११ महिना मासिक शुल्क छुट दिँदै आएको जनाइएको छ । क्याम्पसले क र ख वर्गका अपाङ्ग विद्यार्थीलाई पनि ११ महिना मासिक शुल्क छुट दिने कार्यक्रम रहेको मानन्धरले *साझाकुरा*लाई जानकारी दिए ।

# जंगल मासेर शिवम्द्वारा निरन्तर दोहन

साझाकुरा संवाददाता



हेटौंडा/प्राकृतिक सम्पदाको उच्चतम् दुरुपयोगसँगै हेटौंडा-१६ हटियामा संचालित शिवम् सिमेन्ट लिमिटेडले चुन ढुंगा उत्खनन् गर्दै आएको छ ।

शिवम्ले कच्चापदार्थ चुन ढुंगा उत्खनन् गर्नका लागि मकवानपुरगढीमा रहेको खानीमा जंगल मास्दा स्थानीयबासी बर्षौंदेखि चेपुवामा परेका छन् । यसैगरी अनियन्त्रित दोहन गरिरहने र चुनबाहेकका अनावश्यकीय ढुंगा जंगल क्षेत्रमा फाल्ने हो भने, प्राकृतिक विपत्तिले आफ्नो उठिबास लाग्नेप्रति स्थानीय चिन्तित छन् ।

खानीमा भइरहेको दोहन र जंगलतर्फ फालिने 'ओभर बटम'कारण स्थानीयले आफ्नो घर, जग्गा राम्रोसँग उपयोग गर्न पाएका छैनन्, बर्षायाममा खेत, बारी र घर बगाउने उत्तिकै चिन्ता उनीहरुमा कायमै छ । शिवम्ले मकवानपुरगढीको खोटार, चपकी, कलवान क्षेत्रमा अव्यवस्थित रुपमा चुनढुङ्गा उत्खनन् गरी ओभर बटन यत्रतत्र फाल्दा यस क्षेत्रको जंगलसमेत मासिएको छ ।

यही समस्याको विषयमा स्थानीयहरुको पहलमा बसेको सर्बपक्षीय बैठकले खानी उत्खनन्मा भएको दुरुपयोग नियन्त्रण गर्नका लागि सहमती गरेका छन् । शिवम्को प्रतिनिधि, मकवानपुरगढी गाउँपालिका प्रमुख, प्रतिनिधिमूलक वडाध्यक्ष र बस्ती संरक्षण समूहको प्रतिनिधिबीच गाउँ कार्यपालिकामा भएको छलफलबाट शिवम् सिमेन्ट र गाउँपालिकाको अनुरोधमा पौष १९ गते र पुन खानी अवलोकन ३० गतेसम्मे र एकिन विवरण लिने निर्णय भएको सचिब तिमल्सिनाले बताए । लिखित संझौतापछि खानी बन्द गर्नेबारे भने स्थगित गरिएको छ ।

खानी मकवानपुरगढी गाउँपालिका २,३,६,७,८, मा संचालनमा छ । अव्यवस्थित खानीका कारण स्थानियहरुले बर्षौंदेखि विभिन्न किसमका सास्ती खेप्दै आइरहेका छन् । विशेष गरी खानी आसपासका स्थानीय र सामरी खोला किनारका स्थानीयहरु बढी प्रभावित छन् । बस्ती तथा भुमी संरक्षण समूहको टोली केही दिन अघिमात्रै चुनढुङ्गा खानी क्षेत्रको अवलोकन गरेको थियो । खानी अव्यवस्थित रुपमा संचालन भएको भन्दै समितिले प्रतिवेदन तयार गर्दै समूहले उद्योगसँग १२ बुँदेमा माग राखेको थियो ।

खानीबाट निस्कने प्रयोगमा नआउने कच्चापदार्थ सुरक्षित स्थानमा बोटविरुवा जडिबुटीहरुलाई असर नपर्ने गरी गाउँपालिका सँग स्वीकृतिलिई व्यबस्थापन गर्ने, खानी उत्खन्न गर्दा बैज्ञानिक मापदण्ड अपनाउनु पर्ने, खानीका कच्चा पदार्थहरु जथाभावि डपिंग गरिएकोले उचित व्यबस्थापन गनुपर्ने र वडा नं. १ देखि ८ वटै वडाका तटीय क्षेत्र पूर्ण जोखिममा रहेकोले संरक्षणको जिम्मा सम्बन्धित शिवम सिमेन्टले लिनुपर्ने जस्ता माग राखेको थियो ।

यस क्षेत्रको हजारौ बोट बिरुवा नासिएको पुरिएकोले शिबमले खानी उत्खनन गर्दा पुराउनु पर्ने मापदण्ड पूरा नगरेका कारण समस्या भएको बस्ती तथा भूमी संरक्षण समिति मकवानपुरगढीका सचिव पुष्कर तिमल्सिनाले बताए ।

# हेटौंडा इन्फिल्डर्स्मा ठकुरीको नेतृत्व

साझाकुरा संवाददाता



हेटौंडा/सामाजिक क्षेत्रमा क्रियाशील हेटौंडा इन्फिल्डर्स् मकवानपुरमा नयाँ नेतृत्व चयन गरिएको छ । क्लबको दोस्रो साधारणसभाले नयाँ नेतृत्व चयन गरेको हो ।

क्लबको अध्यक्षमा समाजसेवी, व्यवसायी दीपेन्द्रचन्द ठकुरीको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरिएको हो । क्लबको प्रथम उपाध्यक्षमा भीमसेन कार्की, द्वितीय उपाध्यक्षमा सरोज न्यौपाने, सचिवमा सुदीप चौलागाईं, कोषाध्यक्षमा राजक शाही, सहकोषाध्यक्षमा देवनारायण शाह र सदस्यहरु सानुकाजी बस्ताकोटी, अनिल श्रेष्ठ, पारस थिङ, निरज पुडासैनी र बुद्धराज बानियाँ चयन भएका हुन् ।

साधारणसभा संस्थापक अध्यक्ष विजय थापाको प्रमुख आतिथ्यतामा भएको हो । क्लबले विगतका दिनहरुमा विभिन्न विद्यालय, अस्पताल र अनाथलयलाई सहयोग गर्दै आएको छ । अध्यक्ष ठकुरीले भूकम्पका बेला आग्रा, शिखरपुरमा लाखौंको सामाग्री बिक्री, आँखा अस्पताललाई ५५ बेड सहयोग, ट्राफिक नियन्त्रण र दुर्घटना न्यूनीकरण, रक्तदान कार्यक्रम क्लबले गर्दै आएको बताए ।

## थपिए तीन जना कोरोना संक्रमित

हेटौंडा/मकवानपुरमा सोमबार थप ३ जनामा कोरोना भाइरस (कोभिड-१९) संक्रमण पुष्टि भएको छ । जिल्लामा पछिल्लो २४ घण्टामा ३० जनाको पीसीआर र एन्टिजेन परीक्षणमा उनीहरुमा कोरोना संक्रमण पुष्टि भएको जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ । स्वास्थ्य कार्यालयका अनुसार, संक्रमण पुष्टि हुने तीनै जना हेटौंडा उपमहानगरपालिकाका हुन् ।

## शिक्षक संगठनको नेतृत्व प्याकुरेलले लिए

साझाकुरा संवाददाता


हेटौंडा/नेपाल राष्ट्रिय शिक्षक संगठन हेटौंडा उपमहानगर-पालिकाको अधिवेशन भएको छ । संगठनको अधिवेशनले प्याकुरेललाई नेतृत्व दिएको छ ।

तीन वर्षे कार्यकालका लागिा प्याकुरेलको अध्यक्षतामा ४२ सदस्यीय नगर समिति चयन भएको हो । संगठनको उपाध्यक्षमा र मेशकुमार बर्तौला, सचिवमा देवराज शर्मा, कोषाध्यक्षमा भरत पोखरेल, सहसचिवमा भगवती कट्टेल, सह-कोषाध्यक्षमा शर्मिला ढकाल चयन भएका हुन् । अधिवेशन संगठनका केन्द्रिय कोषाध्यक्ष विष्णु भण्डारीको प्रमुख आतिथ्यता तथा संगठनका हेटौंडा उपमहानगर समितिका अध्यक्ष मुकुन्द न्यौपानेको सभाध्यक्षतामा भएको थियो ।

कार्यक्रमको अबसरमा २७ जना शिक्षकहरुलाई सम्मान व्यक्त गरिएको थियो । सम्मानित शिक्षकहरु संगठनमा रही सेवा निवृत भएकाहरु हुन् ।

अधिवेशनलाई नेपाल र ाष्ट्रिय शिक्षक संगठनका केन्द्रीय सदस्य पद्मा पौडेल, राष्ट्रिय परिषद् सदस्य रमेश प्रसाद लामिछाने, संगठन मकवानपुर अध्यक्ष श्रीराम दहाललगायतकाको आतिथ्यता रहेको थियो ।



साझाकुरा

## हाम्रो कुरा

# मानव सेवामा प्रगति

कुनै समय हेटौंडाबाट सडक मानवमुक्त बनाउने अभियान संचालन गर्दा समाजको आँखामा नपरेको मानव सेवा आश्रमले आफ्नो प्रगतिलाई अझ उचाइमा पुर्‍याउने प्रयत्न जारी राखेको छ । समाज सेवामा प्रेरित हुनसमेत उत्प्रेरणा जगाइरहेको मानव सेवा आश्रम आफ्नै स्रोत र साधनसँग जोडिएर उद्दारमा क्रियाशील भइरहेको छ । मानव सेवा आश्रम स्थापना भएको नौ वर्ष पुगेको छ । नेपाललाई सहयोगापेक्षी सडक मानवरहित बनाउने उद्देश्यका साथ स्थापना भएको आश्रमले विगत नौ वर्षमा छ हजार २७५ जनालाई उद्दार गरेको छ ।

उद्दार गरिएका सडक मानवमध्ये सो अवधिमा दुई हजार ४२५ जनालाई परिवारसँग पुनर्मिलन गराएको आश्रमले जनाएको छ । मानव आश्रमका होमना पौडेलले उद्दार गरिएकामध्ये आश्रमबाट एक हजार ६७ जना उपचारपश्चात् स्वेच्छाले घर फर्केका छन् भने ६३४ जना आश्रमको संरक्षणमा रहँदा निधन भएको छ । आश्रमका अनुसार हालसम्म ३५४ जनाको सामुदायिक पुन:स्थापना भएको छ । हाल आश्रमका सातै प्रदेशको १७ जिल्लामा २३ सेवा केन्द्रमार्फत एक हजार ५६७ जना आश्रित रहेका छन् । आश्रमको मुख्य कार्यालय हेटौंडामा रहेको छ ।

सो कार्यालयबाट हालसम्म एक हजार ३५५ जनाको उद्दार भएको छ भने ७३६ जनाको पारिवारिक मिलन गराइएको छ । उपचारपश्चात् स्वेच्छाले ३३६ जना घर फर्केका छन् भने १४७ को आश्रममा निधन भएको आश्रमले जनाएको छ । साथै ४३ जनाको सामुदायिक पुन:स्थापना गरिएको छ । हाल हेटौंडा आश्रममा १६७ जना आश्रित छन् । मानवसेवा आश्रमले सडकमा बेवारिसे अवस्थामा रहेका मानिसको उद्धार गरी उनीहरुलाई पुन:स्थापना गर्ने र स्वास्थ्यावस्था राम्रो भएपछि घर परिवारबारे जानकारी लिने गरेको छ । परिवारबारे जानकारीपछि पुन: मिलन गराउने गरिएको उनको भनाइ छ । आश्रममा आश्रय लिएका अधिकांश मासिक सन्तुलन गुमाएका र घरबारविहिन रहेका हुन्छन् । उद्दार गरिएका व्यक्तिले आश्रममा आफ्नो इच्छाअनुसार कामगर्ने गरेको बताइएको छ ।

आश्रमको आर्थिक वर्ष २०७७/७८ मा कुल आम्दानी २३ करोड ९६ लाख ७९ हजार ३९५ र खर्च १२ करोड ७८ लाख ५८ हजार २२१ तथा बचत ११ करोड १८ लाख २१ हजार १७४ रहेको आश्रमले जनाएको छ । आश्रमलाई तीनै तहका सरकारी निकाय, अन्य सैसंस्था र व्यक्तिबाट सो रकम प्राप्त भएको हो । आश्रममा प्रत्येक महिनाको पहिलो हप्तामा मानसिक रोग विशेषज्ञबाट उपचार हुने गरेको छ । आश्रममा सेवाका लागि दुई नर्सको व्यवस्था गरिएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मक्वानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७८ पुस १३ गते मंगलबार २८ डिसेम्बर २०२१ । पुस नवमी । थिंलागा नवमी ११४१ । सूर्योदय ६:५० र सूर्यास्त ५:१८ मा हुनेछ ।

## आजको राशिफल


| | | | |
|---|---|---|---|
| मेष | मिष्ठान्न भोजन | तुला | आफन्तजन भेट |
| वृष | आलश्यता | वृश्चिक | भित्रजन भेट |
| मिथुन | प्रेममा सफलता | धनु | अध्ययनमा बाधा |
| कर्कट | शुभ कार्यको थालनी | मकर | धन प्राप्ति |
| सिंह | सुख प्राप्ति | कुम्भ | शत्रुबाट मुक्त |
| कन्या | यात्राको योग | मीन | धन नष्ट |

# काठमाडौंलाई 'सुन्दरमाडौं' बनाउने सपना



मिलन पाण्डे

काठमाडौंलाई हिंड्न मिल्ने तथा फरक क्षमता भएकाले पनि प्रयोग गर्न मिल्ने सहरका रूपमा विकास गर्न यहाँका सडकपेटीको व्यवस्थापन र स्थानीय पार्कको मर्मत गर्न ढिलो भइसकेको छ



काठमाडौंको सपना भनेको काठमाडौं, काठमाडौं जस्तै हुनुपर्छ भन्ने हो । काठमाडौं सिंगापुर, सिड्नी, दुबई, न्युयोर्क बन्नुपर्छ भन्ने होइन । काठमाडौंले नयाँ केही खोजेको थिएन, छैन । काठमाडौंवासीको पीडा भनेको धुलो, धुवाँ, जाम, पार्किङको समस्या, बेरोजगारी, गुणस्तरहीन शिक्षा, झन्झटिलो प्रशासनिक सेवा आदि हुन् ।

काठमाडौंले 'स्मार्ट सिटी' होइन, हाम्रै सभ्यता अनि मौलिकताले भरिएको 'हेरिटेज सिटी' बन्ने सपना पालेको थियो । काठमाडौं 'फ्रेन्ड्ली सिटी' बन्न चाहन्छ, जो नागरिकमैत्री होस् । युवामैत्री होस् । त्यसका निम्ति, काठमाडौंले भिजनसहितको सक्षम युवा मेयर खोजिरहेको छ, जसले काठमाडौंबाट 'डेलिभरी' राजनीतिको नयाँ युग सुरुवात गर्न सकोस् । हालको मृत प्राय: काठमाडौंमा ज्यान फुक्न हामीले मुख्यतया: यी ६ कोणबाट काम गर्न जरुरी छ ।

### १. नि:शुल्क शिक्षा, टोल-टोलमा घुम्ती क्लिनिक

हरेक नागरिकले नि:शुल्क, गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा पाउनुपर्छ । समाजवाद तर्फको यात्राका निम्ति यो आधारभूत आवश्यकता हो । काठमाडौं महानगरकै नेतृत्वमा प्रत्येक वडामा एउटा नमुना विद्यालय स्थापना गर्न सकिन्छ । सरकारी विद्यालयहरूमा आइबी (प्रतिष्ठित अन्तर्राष्ट्रिय शैक्षिक पाठ्यक्रम/प्रणाली) कार्यक्रम सुरुवात गरेर मौलिक पाठ्क्रमसहित संसारकै उत्कृष्ट शिक्षा हाम्रा सरकारी विद्यालयले दिन सक्छन् । सार्वजनिक विद्यालयसँग निजी विद्यालयभन्दा धेरै स्रोतसाधन छ, मैदान छ, पूर्वाधार छ । त्यसलाई सदुपयोग गर्ने हो भने प्रत्येक नागरिकले आफ्ना बच्चा ढुक्कसँग काठमाडौंको सार्वजनिक विद्यालयमै पढाउन सक्ने वातावरण बनाउन सकिन्छ ।

महानगरले एउटा नीति ल्याएर निजी विद्यालयहरूले लिइरहेको शुल्क र गुणस्तरमा नियमन गर्नुपर्छ । नियमभन्दा बढी शुल्क लिने विद्यालयलाई कारबाही गरेर अभिभावकलाई फिर्ता दिलाउने हिम्मत गर्न सके शिक्षा व्यापार होइन भन्ने भाव जागृत हुने थियो । शिक्षकको क्षमता अभिवृद्धि गर्ने र अक्षम शिक्षकलाई बिदाइ गर्न महानगरले कुनै 'कम्प्रोमाइज' गर्नु हुँदैन । महानगरले विद्यालयका भर्ना प्रक्रिया पारदर्शी बनाउनुपर्छ । मिहिनेती विद्यार्थीलाई महानगरले 'विशेष छात्रवृत्ति' प्रदान गर्न सक्छ । आफ्ना विद्यार्थीको क्षमता र योग्यता बढाउन विशेष कार्यक्रम सञ्चालन नै गर्न सक्छ । ११ र १२ कक्षामा 'विद्यार्थीलाई उद्यमी बनाऔं' भन्ने अभियान सञ्चालन गरेर हाम्रो शिक्षालाई जागिरे शिक्षाबाट उद्यमी शिक्षातर्फ मोड्न जरुरी छ ।

'मातृभूमि पाठ्यक्रम' लागू गरेर आफ्नो देशप्रति गर्व गर्न सक्ने बनाउन सके विद्यार्थीले आफ्नै देशमा केही गर्ने प्रण गर्ने थिए । 'खुसी पाठ्यक्रम' लागू गरेर विद्यार्थीलाई हार बाट सिक्न, जीवनमा खुसी हुन र प्रयत्न गर्दा गल्ती गर्न नडराउने बनाउन सके शिक्षाले आफ्नो सही भूमिका निर्वाह गर्ने थियो । महानगरले एउटा वडामा एउटा 'घुम्ती क्लिनिक' मज्जाले बनाउन सक्छ, जहाँ नागरिकले आफ्नो स्वास्थ्यको नियमित जाँच गराउन सकून् ।

नागरिकले सुगर, प्रेसरजस्ता रोगका निम्ति आफ्नो वडामा सम्पर्क गरेर नियमित रुपमा जाँच गर्न सक्ने व्यवस्था मिलाउन गाह्रो छैन । साथै, महानगरले आफ्नो क्षेत्रभित्रका अस्पतालसँग मिलेर 'सहज एम्बुलेन्स सेवाहरु नगरवासीका निम्ति सञ्चालन गर्न सक्छ । साथै, उसले आफ्ना नागरिकलाई 'सबैका निम्ति गुणस्तरीय औषधि' कार्यक्रम सञ्चालन गर्न सक्छ, जहाँ नागरिकले सस्तो मूल्यमा सहज रूपमा गुणस्तरीय औषधि पाउन सकून् ।

महानगरले आफ्ना प्रत्येक नागरिकलाई स्वास्थ्य बिमा गराउने अभियान सञ्चालन गर्न जरुरी छ । एउटा निश्चित आयभन्दा तलका नागरिकलाई सरकारले नै बिमा गरिदिन सक्छ । र, एउटा निश्चित आयभन्दा माथिका नागरिक स्वयंले नै स्वास्थ्य बिमा अनिवार्य गर्नुपर्ने नीति लार्गू गर्न सक्छ । बिरामी हुँदा उपचार पाउने अधिकार प्रत्येक नागरिकको हो, त्यसको ग्यारेन्टी सरकारले लिनुपर्छ । साथै, स्थानीय तहले निजी अस्पतालको गुणस्तर, शुल्क र सेवालाई नियमनको नीति अख्तियार गर्न जरुरी छ ।

### २. सेवक सहर

काठमाडौं उपत्यकामा पिज्जा, म:म जस्ता खाद्य पदार्थ घर-घरमा आधा घन्टामै पुग्न सक्छ भने नागरिकता, लाइसेन्स, पासपोर्टचाहिँ किन प्रशासनले घरघरमा डेलिभर गर्न सक्दैन ? किन अझै एउटा सानो कामका लागि एउटा नागरिक दिनभरि सरकारी कार्यालयको गेटमा लाइन बसेर बारम्बार धाउनुपर्छ ?

किन बरु घुस खुवाउँछु तर सरकारी कार्यालय जान्नँ भनेर नागरिक आफ्नै सरकार सँग भाग्नुपर्छ ? त्यसैले, अब महानगरले सेवक सरकारको अवधारणाअनुसार 'घर-घरमा सर कार' कार्यक्रम ल्याउनुपर्छ । बाँकी सेवाहरूका निम्ति भने, 'सेवक सरकार' फ्री मोबाइल एप (हटलाइन) प्रयोग गरी मोबाइलबाटै सरकारी कामहरू गर्न सकिने व्यवस्था मिलाउन सकिन्छ । काठमाडौंलाई व्यावहारिक रुपमै 'झन्झटमुक्त सहर' घोषणा गर्न सकिन्छ । झन्झट दिने र घुस माग्ने कर्मचारीविरुद्ध 'उजुरी पेटिका' वडावडामा राखेर वा अनलाइनमार्फत नागरिकको गुनासो लिने व्यवस्था मिलाएर २४ घन्टाभित्र कार्यान्वयन गर्न सके हाम्रो सहर कस्तो हुन्थ्यो होला ?

महानगरपालिकालाई 'सहज, सुलभ, सधैं' बनाउन यहाँको कर्मचारीतन्त्रमा व्यापक सुधार ल्याउन जरुरी छरु। त्यसैले अब 'गोल्डेन ह्यान्डसेक'सहितको स्वैच्छिक अवकाश व्यवस्था गरिनुपर्छ । २० वर्ष काम गरिसकेका कर्मचारीलाई सम्मानजनक क्षतिपूर्ति दिई अवकाश दिँदै काठमाडौंको व्यवस्थापनमा नवपुस्ताका अब्बल कर्मचारी तथा विज्ञलाई ल्याएर यो सहरलाई फेरि 'नागरिक-मैत्री' बनाउन जरुरी छ । सकेसम्म सरकारी कार्यालय जानै नपरोस्, जानै परे पनि तपाईंलाई महानगरले 'भिआइपी' सेवा प्रदान गरोस् ।

### ३. सांस्कृतिक सहर

काठमाडौं नेवा समुदायको धरोहर, विविधताले भरिपूर्ण अनि देशकै सांस्कृतिक केन्द्र हो । तसर्थ, काठमाडौंमा अहिले भएका सम्पदाहरूलाई संरक्षण गर्नु काठमाडौंको प्रमुख दायित्व होरु। हाम्रा ढुंगेधारा, देवल तथा बहालको संरक्षण अनि पुनर्निर्माण जरुरी छ । जब नयाँ पुस्ताले हाम्रो इतिहास अनि सम्पदाबारे बुझ्छन्, तब मात्रै उनीहरूले आनो सम्पदा अनि संस्कृति संरक्षण गर्न सक्छन् । यो अनलाइनको जमानामा हरेक टोलको 'विकिपिडिया' तथा 'मोबाइल एप' बनाउन स्थानीय समुदायले नै नेतृत्व गर्न सक्छन् । स्थानीय सरकारले हाम्रो सम्पदा अनि संस्कृतिसँग सम्बन्धित विभिन्न प्रतिस्पर्धा र कार्यक्रम राख्न सक्छन् ।

काठमाडौंलाई सम्पदा सहरका रूपमा विकसित गर्न महानगरले आफ्नो परिवारका सदस्यको सम्झनामा मन्दिर वा सुन्दर स्मारक वा कुनै कृति बनाउनका लागि काठमाडौंवासीलाई प्रोत्साहित गर्न सक्छ । 'एक जीवन, एक स्मारक' जस्ता अभियान सहरका गुठी र टोल सुधार समितिसँग मिलेर सञ्चालन हुन सक्छन् । भित्री काठमाडौं सहरलाई 'खुला, जीवन्त संग्रहालय'का रुपमा स्थापित गर्न सकिन्छ, जहाँ नागरिक र पर्यटकले हिँडेरै हाम्रो कला संस्कृतिको अनुभूति गर्न सक्छन् । हाम्रा परम्परा, चाडबाड र मौलिक नृत्यहरूलाई गर्वको रूपमा प्रस्तुत गर्ने र घुम्न आएका विदेशीलाई संग्रहालय लगेर देखाउन तथा बुझाउन सके काठमाडौं विश्वकै नमुना सहर बन्ने थियो ।

'योमरी' जस्ता मौलिक खानालाई व्यापक प्रचार गर्न सके काठमाडौं 'योमरीको सहर'का रूपमा संसारमा चिनिन्थ्यो । हामीले भुल्न नहुने अर्को महत्वपूर्ण पाटो भनेको काठमाडौंको आर्थिक समृद्धिका निम्ति धार्मिक पर्यटन हो । पशुपतिनाथ र स्वयम्भूनाथ दर्शन गर्न, घुम्न यदि भारतीय र चीनका हिन्दू, बौद्ध धर्मावलम्बीलाई ल्याउन सक्ने हो भने वर्षको दसौं लाख पर्यटक काठमाडौंले भित्र्याउन सक्छ ।

### ४. सफा हरित सहर

अहिले काठमाडौंको प्रमुख समस्या भनेकै धुवाँ, धुलो र फोहोर व्यवस्थापन हो । स्वस्थ खाना नपाएका अनि सफा पानी पिउन नपाएका आमनागरिकले अहिले सफा सास फेर्नसमेत पाइरहेका छैनन् । धुलो उड्न नदिन, खनिएका सडकहरू द्रुत गतिमा पिच हुन जरुरी छ । महानगरले आफूखुसी बाटो खन्ने कार्यलाई निरुत्साहित गर्नुपर्छ । कडा जरिवाना लगाउनुपर्छ । साथै, काठमाडौंमा गुड्ने गाडीले फाल्ने धुवाँ हेरेर गाडीलाई गुड्न दिने वा नदिने नीति बनाउन जरुरी छ । काठमाडौंले विद्युतीय सवारी साधनलाई विशेष जोड दिनुपर्छ । धुवाँ, धुलो र प्रदूषण रोकथामका लागि प्रदूषक कर नीति बनाएर कार्यान्वयन गर्न जरुरी छ । काठमाडौंका नदीहरूको सरसफाइ पनि मुख्य एजेन्डा बन्नुपर्छ । घर-व्यवसायबाट निस्किने फोहोरको वर्गीकरण अनिवार्य भइसकेको छ । घर-घरमा फोहोर व्यवस्थापनका साथै बढी भएको जैविक फोहोर बाट निजी क्षेत्रसँगको सहकार्यमा ग्यास/बिजुली उत्पादन गर्न सकिन्छ ।

काठमाडौंलाई हिंड्न मिल्ने तथा फरक क्षमता भएकाले पनि प्रयोग गर्न मिल्ने सहरका रूपमा विकास गर्न यहाँका सडकपेटीको व्यवस्थापन र स्थानीय पार्कको मर्मत गर्न ढिलो भइसकेको छ । काठमाडौं सहरले संसारका अन्य सहरबाट सिकेर फोहोर व्यवस्थापनका निम्ति गुरुयोजना बनाएर काठमाडौंवासीलाई फोहोर बाट छुटकारा दिलाउनु जरुरी छ । निर्माण सामग्रीलाई जथाभावी सडकमा राख्नेमाथि कडा जरिवानाको व्यवस्था गर्नु जरुरी छ । साथै, काठमाडौंमा प्लास्टिक झोलामाथि पूर्ण रूपले प्रतिबन्ध गरिनुपर्छ । काठमाडौंको रिङरोड र सार्वजनिक स्थानमा कम्तीमा २०० सार्वजनिक शौचालय निर्माण गर्न जरुरी छ ।

हरेक विद्यार्थीले आफ्नो जन्मदिनमा एउटा रुख-बिरुवा रोप्ने र हुर्काउने जिम्मेवारीको संस्कारलाई संस्थागत गर्दै महानगरपालिका अनि अन्य स्थानीय तहको सहकार्यमा 'हरियो सुन्दर माडौं' अभियान सञ्चालन गर्नुपर्छ, जसले गर्दा सन् २०३० सम्ममा काठमाडौंलाई रंगीबिरंगी फूलबारीको सहर बनाउन सकियोस् । काठमाडौंमा एउटा वडामा एउटा पार्क बनाउन महानगरले नेतृत्व गर्नुपर्छ । प्रत्येक पार्कसँगै सामुदायिक जिमखाना र योग - अध्यात्म केन्द्र निर्माण गर्न जरुरी छ । काठमाडौंको केन्द्र नारायणहिटी दर बारको जग्गामा भव्य पार्क विकास गर्न केन्द्रीय र प्रदेश सरकारले सहकार्य गर्न जरुरी छ । काठमाडौंमा बालबालिका, परिवार, फरक क्षमता भएका तथा ज्येष्ठ नागरिकको आवश्यकता सम्बोधन गर्न यो पार्क पहिलो खुड्किलो बन्न सक्छ ।

### ५. अवसरको सहर

अहिलेको अवस्थामा एउटा नागरिकका निम्ति काम गर्ने वातावरण निकै जटिल छ । यहाँ एउटा कम्पनी दर्ता गर्नेदेखि लिएर, आफूले आर्जन गरेको आयको कर तिर्नसमेत गाह्रो छ । व्यवसाय बिमाको झन्झटिलो प्रक्रियाले लगानी गर्ने वातावरण बनेको छैन । अझै पनि बन्द हड्ताल तथा राजनीतिक हस्तक्षेपले उद्यमीहरू आजित छन् । काठमाडौंमा अवसर त छ तर वातावरण छैन । त्यसैले अब काठमाडौंलाई अवसरको सहर बनाउन वातावरण निर्माण गर्नुपर्छ । एक घन्टामै व्यवसाय दर्ता गर्न सकिने तथा नचलेका व्यवसायलाई पनि सजिलै बन्द गर्न मिल्ने व्यवस्थाबाट अवसर को सहरको यात्रा थालनी हुनेछ । ऊर्जावान् र रचनात्मक उद्यमीलाई विशेष कर छुटको व्यवस्था हुनु जरुरी छ । जसले गर्दा काठमाडौं काम गर्न आफ्नो पसिना खन्याउन प्रेरित गर्ने सहर बन्न सकोस् ।

काठमाडौंमा मध्यरातसम्म व्यवसाय सञ्चालन गर्न सुरक्षित वातावरण निर्माण गर्ने र त्यसका लागि सहज-सुलभ-समयमै चल्ने सार्वजनिक यातायात व्यवस्थाको सुनिश्चितता आवश्यक छ । नगर प्रहरीले हरेक बाटामा र हेका सिसिटिभीमार्फत निगरानी गर्दै शान्ति सुर क्षामा खलल पुर्‍याउनेमाथि कडा कारबाही गर्न आवश्यक छ । काठमाडौंलाई नि:शुल्क वाईफाई सहर बनाउन सकिन्छ । काठमाडौंले उद्यम गर्छु भन्नेहरूलाई सरकारले सहयोग गर्छ भन्ने स्पष्ट सन्देश दिन सक्यो भने काठमाडौं नयाँ व्यावसायिक हब बन्न सक्छ । त्यसका निम्ति, काठमाडौं महानगरले नै विशेष कार्यक्रम ल्याएर 'स्टार्ट अप'लाई प्रोत्साहन गर्न विभिन्न तहमा कार्यक्रम सञ्चालन किन नगर्ने ? लगानीसहित सहयोग गर्दै वर्षमा कम्तीमा २५ वटा आइडियालाई महानगरले फन्डिङ गर्ने नीति अख्तियार गर्न केले रोकेको छ ? सयजनाभन्दा बढीलाई रोजगारी दिने वा त्यस्तो योजना प्रस्तुत गर्ने कम्पनीलाई सुरुका पाँच वर्ष कर मिनाह गर्न कसले रोकेको छ ? नागरिकलाई व्यवसाय गर्दा लाग्ने चर्को ब्याजदर घटाएर पाँच प्रतिशतभन्दा तल झार्न पहल गर्न केले रोकेको छ ? यति गर्न सके मात्र, म्यानपावर कम्पनी र डिभी भर्ने अनि भराउने व्यवसाय घट्नेछ अनि नेपालीहरू आफ्नै सहर मा उद्यमी बन्नेछन् ।

### ६. यात्रु र युवामैत्री सहर

कामपाको जनघनत्व अन्दाजी २० हजार व्यक्ति प्रतिवर्ग किलोमिटर भएकाले यस सहरलाई पैदल यात्रुमैत्री बनाउन आवश्यक छ । अन्दाजी ८ किमि व्यासमा फैलिएको हुनाले हरेक ठाउँ साइकल यात्रा गरेर पुग्न सकिन्छ । काठमाडौंमा धेरै व्यक्ति रहेको हुनाले पर्याप्त मात्रामा खुला स्थानको विकास गर्न आवश्यक छ ताकि सो क्षेत्रले सामाजिक सम्बन्ध मजबुत पार्न सकियोस्, नागरिक स्वस्थ रहन सकूस् । साथै, ती स्थानले विपतका वेला आश्रयस्थलका रूपमा समेत काम गरूस् ।

काठमाडौंलाई हिंड्न मिल्ने तथा फरक क्षमता भएकाले पनि प्रयोग गर्न मिल्ने सहरको रूपमा विकास गरिनुपर्छ । सडकको हकमा सडकपेटीको व्यवस्थापन र स्थानीय पार्कको मर्मत गर्न ढिलो भइसकेको छ । एक वर्षमा तीनपटक सम्म गम्भीर ट्राफिक नियम उल्लंघन गर्नेको एक वर्षका लागि लाइसेन्स रद्द गर्ने र पुलिस निगरानीमा सय घन्टा सामुदायिक सेवा अनिवार्य गराउन सके हाम्रो सहर-सडक थप व्यवस्थित हुनेछ । साथै, महिलामैत्री नि:शुल्क पाँच सयवटा महानगर बस महानगरले नै सञ्चालन गरेर काठमाडौंवासीलाई निजी सवारी साधनभन्दा सार्वजनिक सवारीमा आकर्षण गर्दै सुविधा दिने विषय पनि असम्भव छैन ।

काठमाडौंलाई युवामैत्री सहरका रूपमा पनि परिचित गराउन सकिन्छरु। युवाका निम्ति पर्याप्त खेल्ने स्थान, प्रत्येक स्कुलमा पर्याप्त खेलमैदान भएपछि मात्र अनुमति पाउने नीति लागू गर्न जरुरी छ । विद्यालयको सो मैदानमा समुदायको संरक्षणमा स्कुलपछि पनि युवाहरू खेल्न पाउने नीति लागू गर्न सकिन्छ । साथै, प्रत्येक वडाले एउटा पुस्तकालय अनिवार्य सञ्चालन गर्नुपर्ने नीतिले स्थानीयमा पढ्ने संस्कारको विकास हुने थियो ।

अन्त्यमा, देशको केन्द्रले 'डेलिभरी' गर्ने राजनीति खोज्दै छ । विगत पाँच वर्षले पुराना पार्टी र तिनै नेताले 'डेलिभर' गर्न सक्दैनन् भनेर पुन: प्रमाणित गरिसकेको छ । नेतृत्वको काम भनेको समाधानको प्रतिनिधित्व गर्नु हो । अब काठमाडौंको नेतृत्वले पूरै देशलाई ऊर्जा प्रदान गर्न सक्नुपर्छ । काठमाडौंको ऊर्जाले नै देशलाई तरंगित गरेर प्रगतिको बाटोमा लानु छरु। त्यसैले अबको नयाँ राजनीतिक यात्रा काठमाडौंलगायत सहरहरूबाट नयाँ नेताहरूको नेतृत्वमा सुरु गर्नुको विकल्प छैन । नेपालको राजनीतिमा भोट दिने, पछुताउने अनि फेरि त्यसैलाई भोट दिने चक्र दोहोरिइरहेको छ । यदि यही चक्र दोहोरिइरहने हो भने फरक नतिजा आउन सक्दैन । फरक नतिजाका लागि अब यो चक्र तोडिन जरुरी छ । अघिल्लोचोटि रन्जु दर्शना र किशोर थापालाई जिताउन सकेको भए काठमाडौंले 'डेलिभरी'को राजनीति पाउने थियो । नेपालको राजनीति नयाँ युगमा प्रवेश गर्ने थियोरु। हामी सबै चुक्यौं । आशा छ, काठमाडौंले यसपालि त्यो हारको बदला पक्कै लिनेछ ।

***साभार: नयाँ पत्रिका डेली डटकम***

# म पाटन अस्पतालको इमर्जेन्सी हुँ



**☞ आयास लुईंटेल**

म पाटन अस्पतालको इमर्जेन्सी हुँ। आज म तपाईंहरूलाई आफ्नो कथा सुनाउँछु । सधैं दौडादौड र बिरामीको चाप हुने मेरोमा आज अरू दिनभन्दा अलि कम बिरामी छन्। त्यसैले मैले एकछिन भए पनि सुस्ताउने मौका पाएको छु । सुस्ताउँदै गर्दा आफ्ना भोगाइहरू तपाईंलाई सुनाऊँ सुनाऊँ लाग्यो । फेरि यसरी सुस्ताउने र कथा सुनाउने मौका पाइएला, नपाइएला, अस्पतालको इमर्जेन्सी भएपछि फुर्सदै पाउन मुश्किल छ ।

मेरो स्थापना कसरी भयो ? स्थापना-कालमा मसँग कति बेड थिए ? यस्ता कुराहरू भनेर म तपाईंलाई बोर गराउँदिनँ । यी कुरा त इतिहासको किताबमा प्रशस्तै भेटिन्छन् । फेरि बुढेसकालले होला आजकल स्मरणशक्ति पनि कमजोर भएको छ मेरो । कति कुरा सम्झन्छु, कति भुसुक्कै । त्यसैले मेरो इतिहासका बारेमा बुझ्न ती दस्तावेजहरू पढ्नु होला है आज त म तपाईंहरूलाई मैले देखेका केही कथाहरू भन्न आएको हुँ । आजको दिनमा ठ्याक्कै गनेर हेर्ने हो भने चाहिँ मेरोमा ३५ बेड छन् । बेडहरू समयअनुसार घटबढ भइरहन्छन् । हरेक बेडको आफ्नै विशेषता छ । तपाईं पाटन इमर्जेन्सी आउनुभएको छ भने याद गर्नुभएको होला- ठूलो हलभित्र भिताहरूमा रातो, पहेँलो र हरियो लाइनहरू पोतिएका छन् ।

रातो रङ लगाइएका भित्तामुनिका बेडहरू अति सिकिस्त बिरामीहरूलाई छुट्याइको हो । पहेँलो चाहिँ अलि कम सिकिस्त र हरियो चाहिँ अझ कम सिकिस्त । हुन त म कहाँ आउने बिरामीहरू र बिरामीका आफन्तलाई आफू सिकिस्तै परेर रातबिरात इमर्जेन्सी आएको हो भन्ने लाग्छ । ठीकै पनि हो। तर मेरोमा ड्युटी सम्हाल्ने डाक्टर र नर्सले बिरामीको अवस्था हेरेर रातो, पहेँलो र हरियो भनेर नछुट्याउने हो भने भाँडभैलो नै मच्चिन्छ । कसरी ? ल सुन्नुस् कसरी- पाँच महिनादेखि घुँडा दुखेको बिरामीका रोचक कुरा सुन्दासुन्दै सुगर अति कम भएर बेहोस भएर आएको बिरामी मरिसक्छ ।

बाँकी ३ पेजमा...

# हेटौंडेली कलाकार अभिनित 'चपली हाइट ३' पुस ३० मा रिलिज हुने

काठमाडौं/हेटौंडेली कलाकार अमिर गौतमसमेत अभिनित चलचित्र 'चपली हाइट ३'को प्रदर्शन मिति फेरि सरेको छ । यसअघि पुस २ बाट सारेर १५ गते प्रदर्शन मिति पुऱ्याएको यो चलचित्र अब पुस ३० गते मात्रै रिलिज हुने भएको छ ।

शुरुमा पुस २ गतेलाई रिलिज मिति तोकेको यो चलचित्रले हलिउड चलचित्र 'स्पाइडर म्यान: नो वे होम' र साउथ इण्डियन चलचित्र 'पुष्पा'का कारण १५ गतेलाई प्रदर्शन मिति तोकेको थियो ।




चलचित्र 'कठपुतली'ले यसअघि नै पुस १६ गतेलाई रिलिज मिति तोकिसकेको अवस्थामा 'चपली हाइट ३' जुध्न आइपुगेको थियो । एउटा नेपाली चलचित्र हलमा रिलिज भएको दुई सातासम्म अर्को नेपाली चलचित्र रिलिज गर्न पाइने नियमको उल्लंघन भएको भन्दै 'चपली हाइट ३'लाई पछि सार्न दबाब बढिरहेको थियो ।

आइतबार दिउँसो नेपाल चलचित्र संघको कार्यालयमा चलचित्र विकास बोर्ड, चलचित्र संघ र 'चपली हाइट ३' निर्माणपक्षबीच भएको छलफलमा निर्माता अर्जुन कुमार आफ्नो चलचित्रको रिलिज पछि सार्न तयार भएका हुन् ।

यदि यो चलचित्रको प्रदर्शन मिति नसरेको खण्डमा अन्य नियम समेत लागू नगर्ने चेतावनी हल सञ्चालकहरुले दिइरहेका थिए । चलचित्रको ट्रेलर बजाएको रकम नलिने, हलमा पोष्टर राखेको रकम नलिने, पहिलो सातामा नेपाली चलचित्रले ५५ प्रतिशत शेयर र बाँकी हप्तादेखि ५० प्रतिशत शेयर पाउने नियम पनि चलचित्र संघले बनाएको थियो । निकेश खड्काको निर्देशनमा बनेको 'चपली हाइट ३'मा स्वस्तिमा खड्का, आमिर गौतम लगायतको मुख्य भूमिका रहेको छ ।

# ब्रिगेडलाई हराउँदै संकटा तेस्रो स्थानमा

काठमाडौं/उत्तम राईको दुई गोल मद्दतमा संकटा क्लबले शहीद स्मारक ए डिभिजन लिगमा आइतबार ब्रिगेड ब्वाइज क्लबलाई ३-० ले पराजित गरेको छ ।

उत्तमसँगै लक्ष्मण रुचालले पहिलो हाफमा गरेको गोलमा ब्रिगेडमाथि प्रभावशाली जितपछि संकटा त्रिभुवन आर्मी एफसीलाई पछि पार्दै अंक तालिकामा तेस्रो स्थानमा समेत उक्लेको छ । जारी लिगमा साविक विजेता मछिन्द्र र साविक उपविजेता आर्मीसंगै संकटा पनि अपराजित छ । खेलको सुरुवात देखि नै ब्रिगेडमाथि दबाब बनाएको संकटाले १२ औं मिनेटमा अग्रता लिएको थियो ।



जोर्डन जुनियर ओनाको पासमा उत्तम राईले हेड गोल गर्दै संकटालाई अग्रता दिलाएका थिए । २८ औं मिनेटमा उत्तमले नै फोडे फोफनाको क्रसमा व्यक्तिगत दोस्रो गोल गरेपछि संकटाले अग्रता दोब्बर बनायो । लगाता गोल खाएपछि ब्रिगेड दबाबमा पऱ्यो । संकटाले भने ३९औं मिनेटमा तेस्रो गोल गर्यो । दुई गोल गरेका उत्तम राईको पासमा लक्षमण रुचालले गोल गरेपछि संकटाले पहिलो हाफमै तीन गोलको अग्रता बनायो ।

दोस्रो हाफमा कुनै गोल हुन सकेन । ब्रिगेडले राष्ट्रिय टिमका पूर्व कप्तान अनिल गुरुङलाई दोस्रो हाफमा मैदान उतारेको थियो । ब्रिगेडमा सुधारिएको प्रदर्शन गरेपनि गोल फर्काउन सकेन । जारी सिजन तेस्रो जित हात पार्दै ६ खेलसम्म अपराजित रहेको संकटा १२ अंक जोडेर तेस्रो स्थानमा उक्लेको छ । मछिन्द्र १४ अंकसहित शीर्ष स्थानमा रहँदा मनाङ मर्स्याङ्दी क्लब १३ अंकसहित दोस्रो स्थानमा छ ।

संकटासंग हारेपछि ब्रिगेड भने ११औं स्थानमा झरेको छ । एपीएफ समान ५ अंक रहेपनि खराब गोलअन्तरका कारण ब्रिगेड एक स्थान तल झरेको हो ।

# माओवादीको आठौं महाविधेशनको अध्यक्ष प्रचण्डद्वारा उद्घाटन

काठमाडौं (रासस)/ नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले पार्टीको आठौँ राष्ट्रिय महाधिवेशनको उद्घाटन गरेका छन् ।

कमलादीस्थित प्रज्ञा भवनमा आज आयोजित उद्घाटन सत्रमा अध्यक्ष प्रचण्डले पानसमा बत्ती बालेर महाधिवेशनको उद्घाटन गरेका हुन् । उद्घाटन सत्रमा प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपाल, नेकपा(एमाले)का महासचिव शंकर पोखरेललगायत विभिन्न राजनीतिक दलका नेताहरुकोसमेत उपस्थिति रहेको छ ।



चिनियाँ कम्युनिस्ट पार्टीका नेता माओत्से तुङको १२९ औँ जन्मजयन्तीका अवसरमा महाधिवेशनको उद्घाटन गरिएको हो । अध्यक्ष प्रचण्डले चिनियाँ कम्युनिस्ट पार्टीका नेता माओको तस्विरमा माल्यापर्ण गरेका थिए । यस्तै, उद्घाटन सत्रमा महिला समूहको पञ्चेबाजा लगायतको प्रस्तुति पनि समावेश गरिएको छ ।

प्रज्ञा भवनको हल खचाखच रहेको छ भने परिसरमा डिस्प्लेमार्फत प्रत्यक्षरुपमा हेर्ने व्यवस्था मिलाइएको छ । महाधिवेशनस्थलमा जनयुद्धको स्मरण गर्ने तस्विर लगायतका सामग्री प्रदर्शन गरिएको छ । यस्तै कलाकारले माओवादीको आठौँ महाविधेशनका सन्दर्भमा तयार पारिएको गीतसमेत प्रस्तुत गरेका छन् ।

नयाँ क्रान्तिकारी विचार र क्रान्तिकारी पार्टी निर्माणका लागि नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) को ऐतिहासिक प्रथम राष्ट्रिय सम्मेलन भन्ने मूल नारा तय गरेको छ । यसअघि राष्ट्रिय सम्मेलनको आयोजना गरेको माओवादीले शनिबार मात्रै महाधिवेशनमा परिवर्तन गरेको हो । महाधिवेशनमा देशभरबाट एक हजार ६३१ जना प्रतिनिधिको सहभागिता छ ।

**महाधिवेशनमा शिर्ष नेता उपस्थित**

नेकपा (माओवादी केन्द्र) को आठौँ राष्ट्रिय महाधिवेशनलाई शुभकामना दिन विभिन्न राजनीतिक दलका शीर्ष नेताहरू आयोजनस्थल कमलादीस्थित नेपाल प्रज्ञा प्रतिष्ठान पुगेका थिए ।

नेपाली कांग्रेसका सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवा, नेकपा (एमाले)का महासचिव शंकर पोखरेल, नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपाल, जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादव र राष्ट्रिय जनमोर्चाकी संसदीय दलको नेता दुर्गा पौडेललगायत शीर्ष नेता महाधिवेशनस्थल पुगेका हुन् ।

लोकतान्त्रिक समाजवादी पार्टीका नेता अनिल झा, राष्ट्रिय प्रजातन्त्र पार्टीका महामन्त्री कुन्तीकुमारी शाही, नेकपा (माले)का महासचिव सिपी मैनाली र नेकपा (क्रान्तिकारी माओवादी)का नेता सिपी गजुरेल पनि शुभकामना दिन कार्यक्रमस्थल पुगेका हुन् ।

माओवादीले आइतबार देखि प्रथम राष्ट्रिय सम्मेलनको तयारी गरेको तर शनिबार साँझ बसेको स्थायी समिति बैठकले राष्ट्रिय सम्मेलनलाई आठौँ राष्ट्रिय महाधिवशेनका रूपमा परिणत गरेको थियो । यसअघि माओवादीले सम्मेलन भएकाले अतिथिका रूपमा कसैलाई नबोलाउने निर्णय गरेको थियो । सम्मेलनलाई महाधिवशेनमा रुपान्तरण गर्ने निर्णय गरेसँगै माओवादीले नेपालमा क्रियाशील राजनीतिक दललाई आमन्त्रण गरेको हो ।

# म पाटन अस्पतालको...

२ पेजबाट बाँकी

टाउको झन्झन् गरेर निद्रा कम लाग्ने बिरामीका कथा सुन्दै गर्दा दुर्घटनामा परेर आएको बिरामीको रगत धेरै बगिसक्छ । हरियो र पहेँलोका बिरामीलाई डिस्चार्ज गर्दै गर्दा झाडावान्ताले सिकिस्त बच्चाले छिटो सलाइन नपाउन सक्छ ।

मकँहा बिरामी भएर आउने मान्छेलाई कुनैपनि हिसाबले बेवास्ता होस् भन्ने म कदापि चाहन्नँ । तर अस्पतालको इमर्जेन्सी एउटा यस्तो ठाउँ हो जहाँ अघि भनेजस्तै बिरामीको अवस्था हेरेर रातो, पहेँलो र हरियोमा छुट्याउने वा प्राथमिकता निर्धारण गर्नुपर्ने बाध्यता र चुनौती दुवै हुन्छ । यसो गरिर हँदा कतिपय बिरामीलाई बेवास्ता गरिएको अनुभव भएको मैले बारम्बार देख्ने गरेको छु । बिरामी र बिरामीका आफन्तलाई रिस उठेको, अपहेलित र कहिलेकाहीँ अपमानितसम्म अनुभव भएको मैले प्रष्ट देखिराखेको हुन्छु । तर मेरोमा काम गर्ने डाक्टर-नर्सहरूले आफ्नो बलबुताले भ्याएसम्म बिरामीको उपचारमा कुनै कसर छाड्छन् जस्तो मलाई लाग्दैन ।

कहिलेकाहीँ चाहिँ मलाई केही डाक्टर-नर्सले बिरामी र उनीहरूका आफन्तसँग अलि ढंग पुऱ्याएर, अलि नम्र भएर कुरा गरिदिए असमझदारीहरू पैदा हुन्थेनन् कि भन्ने पक्कै लाग्छ । त्यस्तै एउटै बिरामीका लागि धेरै आफन्तहरू आएर इमर्जेन्सीमै आमसभा नगरिदिनुभए हुन्थ्यो भन्ने पनि लाग्छ मलाई । अँ साँच्चै, गफ गर्दागर्दै झन्डै मैले मेरा दुई अत्यन्त महत्वपूर्ण बेडका बारेमा कुरै गर्न बिर्सेको। यी दुई बेडहरू तपाईं इमर्जेन्सीको ढोकाबाट भित्र छिर्नेबित्तिकै देब्रेतिरका बेड हुन्। यी दुई बेडले जति जीवन र मृत्युलाई नजिकबाट नियाल्न सायदै अरू बेडले पाएका होलान् ।

यी दुई बेडमा आइपुग्ने धेरैजसो बिरामीको होश हुँदैन, कि त होश हराउन लागेको हुन्छ। यी दुई बेडमा आइपुग्नेहरू स्वाँस्वाँ र घिटीघिटीको अवस्थामा हुन्छन्। कहिलेकाहीँ त जीवनका चिह्नहरू, जस्तै, श्वासप्रश्वास, नाडीको चाल, मुटुको धड्कन आदि सबै नभएर भर्खरै शून्यमा बिलाएको मान्छे पनि यो बेडमा आइपुग्छ । यसरी शून्यमा बिलाएको मान्छे त अनन्त शान्तिमा हराएको हुन्छ। तर उसले छाडेर गएका उसका आफन्तका रोदन र कोलाहाल सधैंजसो मेरा भित्ताहरूमा ठोक्किन आइपुग्छ। अझ एकदमै युवा अवस्थाको मान्छे जसको सास हराएको छ, उसलाई देखेर त आफ्नै मन कुँडिएर आउँछ । मेरोमा ड्युटीमा खटिने डाक्टर-नर्सले सकेसम्म यी दुई बेडमा सुत्न आइपुग्ने बिरामीलाई बचाउने कोशिस गर्छन् । कहिलेकाहीँ सफल हुन्छन्, कहिलेकाहीँ दुखी हुँदै सेतो पन्जा खोलेर बेसिनमा हात धुन्छन्। जीवन र मरणको यो चक्र आफू इमर्जेन्सी भएका नाताले मैले सधैं देख्न र भोग्न पर्छ । मेरोमा आइपुग्ने धेरै बिरामी र बिरामीका आफन्तको एउटा सोचाइ चाहिँ कसरी परिवर्तन गर्न सकिएला भनेर म सधैं सोचिर हन्छु । उहाँहरूले बारम्बार 'वार्डमा कहिले लैजाने ? खाली इमर्जेन्सीमा राख्यो, भर्नाको बेड पाइएन' भनेर चिन्ता र आक्रोश पोखिरहेको देख्छु ।

वास्तवमा उहाँहरूलाई सम्झाउन मन लाग्छ, कुनै पनि बिरामी इमर्जेन्सीको ढोकाबाट छिर्नेबित्तिकै उसको उपचार सुरू हुन्छ । उहाँहरूलाई लाग्छ, वार्डमा गएपछि मात्र उपचार सुरू हुन्छ । तर त्यो गलत बुझाइ हो । यो कुरा बिरामी र बिरामीका आफन्तलाई बुझाउन सकिए कति जाति हुन्थ्यो भन्ने लाग्छ । अर्को एकदमै दु:ख लाग्ने कुरा छ । आफ्नो अस्पतालमा आइसियु बेडको अभावले गर्दा अति सिकिस्त बिरामीलाई अन्य अस्पतालमा रिफर गर्नु, त्यो बेला मकहाँ ड्युटीमा खटिने डाक्टरलाई सो कुरा भन्न कति सकस भइरहेको हुन्छ, म राम्रोसँग बुझ्छु । इमर्जेन्सी एउटा यस्तो ठाउँ हो जहाँ बिरामीलाई केहीबेर, केही घन्टा 'अब्जरभेसन' अर्थात् निगरानीमा राख्नुपर्ने हुन्छ । कहिलेकाहीँ बिरामीलाई वार्डमा भर्ना गर्नुपर्ने जस्तो हुन्छ । त्यस्तो अवस्थामा बिरामी भर्ना गर्ने सम्बन्धित विभागको ड्युटी डाक्टरले आएर भर्ना गर्छ । केही बिरामी निश्चित समयको निगरानीपछि इमर्जेन्सीबाटै पनि डिस्चार्ज हुन सक्छन् । जस्तोजस्तो रोग छ, उस्तैउस्तै निदान र उपचार का बाटाहरू अबलम्बन गरिन्छ ।

धेरैजसो बिरामी र बिरामीका आफन्तहरूलाई अर्को एउटा कुरा के बुझाउन मन छ भने, मेरोमा आइसकेपछि अघि भनेजस्तै विभिन्न विभागका डाक्टरहरूले आएर, हेरेर बिरामीलाई भर्ना गर्नुपर्ने हुन सक्छ । त्यस्तो अवस्थामा सो विभागका डाक्टर छिटो आएर हेरेनन् भन्ने गुनासो म सुनिराखेको हुन्छु । विभिन्न विभागका खटिने डाक्टरहरू पनि अस्पतालमा २४ घन्टे ड्युटीमा खटिइरहेका हुन्छन् । तपाईं वा तपाईंको बिरामीलाई हेर्न ढिलो आएको डाक्टर कुनै वार्डमा वा अपरेसन थिएटरमा कसैको ज्यान बचाउँदै हुन सक्छ । यति भन्दाभन्दै यो पनि भन्न जरूरी ठान्छु कि धेरै डाक्टर उत्पादन हुने हाम्रो देशमा अझै पनि बिरामी र डाक्टरको अनुपातबीच फरक धेरै छ । एउटा डाक्टरले हेर्नुपर्ने बिरामी धेरै हुन्छन् । त्यसैले दिलोज्यान दिएर खट्दाखट्दै पनि भ्याइनभ्याइ भइरहेको मैले पनि देखिराखेको हुन्छु । यो देशको सरकारले डाक्टर-नर्सलाई यही देशमा टिकाउन सक्ने हो भने मात्रै यो समस्याको समाधान हुन्छ जस्तो मलाई लाग्छ ।

आफ्ना भोगाइहरूका बारेमा कुरा गर्दै गर्दा मैले ड्युटीमा खटिने डाक्टर-नर्सको मात्रै कुरा गर्ने सायदै न्याय हुन्छ ।

*सेतोपाटीबाट*

## सच्याइएको सूचना

मिति २०७८/०८/०३ गते यस साझाकुरा राष्ट्रिय दैनिकको तेस्रो पृष्ठमा प्रकाशित मकवानपुर बचत तथा ऋण सहकारी संस्था लि. हेटौंडा-४ को बार्षिक साधारणसभामा उपस्थित हुनेबारे सूचनामा कार्यक्रमको मिति: २०७८ पुस २२ गते समय: बिहान १०:३० बजेदेखि ४:३० बजेसम्म हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ ।

# कामधेनुको २३ औं साधारणसभा सम्पन्न

साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडा-६ चुच्चेखोलामा रहेको कामधेनु बहुद्देश्यीय सहकारी संस्थाको २३ औं बार्षिक साधारण सभा सम्पन्न गरेको छ ।



सहकारीका अध्यक्ष उदय विडारीको सभाध्यक्षता भएको साधारणसभाको हेटौंडा वडा नम्बर ६ का वडाध्यक्ष अर्जुन प्रसाद चौलागाईले उद्घाटन गरेका थिए ।

कार्यक्रममा पत्रकार महासंघ बागमती प्रदेश उपाध्यक्ष रुपेश दुलाल, जनकल्याण बचत तथा ऋण सहकारीका अध्यक्ष हिमाल पौडेल, हेटौंडा-६ वडासदस्य राजकुमार बास्तोला,हेटौंडा-१७ का वडासदस्य टिका प्रसाद तिमल्सिना, सहकारीका संस्थापक अध्यक्ष बासुदेव सापकोटा, नौलो विहानी कृषि ऋण सहकारी संस्थाका अध्यक्ष भरत पराजुली, रानी सामुदायिक वन उपभोक्त समूह उपाध्यक्ष केशव धिताल, चुच्चेखोला सामुदायिक वन उपभोक्त समूह उपाध्यक्ष कल्पना पराजुली, नारी चेतना वचत तथा ऋण सहकारीका उपाध्यक्ष राधिका गौतम,दिव्य ज्योती आधारभूत विद्यालयका व्यवस्थापन समिति अध्यक्ष नवराज न्यौपाने, सहकारीका सल्लाहकार गौरव पराजुलीलगायत सहकारीका सेयर सदस्यहरुको उपस्थिति रहेको थियो ।

२३ औं साधारणसभामा सहकारीका लेखा सुपरिवेक्षण सदस्य केदार गौतमले आर्थिक वर्ष २०७७/७८ को लेखा परीक्षण प्रतिवे त्यसैगरी सहकारीका अध्यक्ष उदय विडारीले संस्थाको संस्थागत प्रतिवेदन, ऋण उप समिति सदस्य रुपेश दुलालले ऋण समितिको प्रतिवेदन र खुत्रुके बचत उप समिति संयोजक अम्बिका सापकोटाले खुत्रुके बचत उप समितिको प्रतिवेदन प्रस्तुत गरेका थिए ।

सहकारीले आर्थिक बर्ष २०७७।७८ मा २ करोड ७८ लाख ९४ हजार १४९ रुपैंयाको कारोबार गरेको छ । २०५५ सालमा स्थापना भएको सहकारीमा ५९६ सेयर सदस्यहरु रहेका छन् ।


हार्दिक बधाई
मेरी प्यारी बहिनी
**प्रतिमा श्रेष्ठ** ज्यू, ग्रामिण बहुउद्देश्यीय सहकारी संस्था लि.को गरिमामय अध्यक्ष पदमा सर्वसम्मत चयन हुनुभएकोमा उहाँको सफल कार्यकालको कामना गर्दै हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।
राजु पौडेल (प्रबन्ध निर्देशक)
**सुरक्षित दुवानी सेवा**


हार्दिक बधाई
मेरी प्यारी बहिनी
**प्रतिमा श्रेष्ठ** ज्यू, ग्रामिण बहुउद्देश्यीय सहकारी संस्था लि.को गरिमामय अध्यक्ष पदमा सर्वसम्मत चयन हुनुभएकोमा उहाँको सफल कार्यकालको कामना गर्दै हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।
प्रमोदसिंह रानाभाट (उपाध्यक्ष)
**मकवानपुर उद्योग वाणिज्य संघ**
**लक्ष्मी कृषि अटो इन्जिनियरिङ प्रा.लि.**

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**
*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*
एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
*The complete office solution*
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***
**VACANCY ANNOUNCEMENT**
Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Medical Officer | 1 | Min Rs. 35000 | MBBS |
| 2 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 3 | Lab Technologist | 1 | 18000-25000 | BMLT/NHPC registered |
| 4 | CMA/ANM | Few | Negotiable | TSLC |
| 5 | Receiptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

# कर्जा चुक्ता गर्ने १५ दिने सार्वजनिक सूचना

यस सहकारी संस्थाका तपशिलमा उल्लेखित शेयर सदस्य ऋणिहरुले यस संस्थाबाट लिनु भएको ऋण कर्जाको सर्त मुताविक संस्थालाई तिर्नुपर्ने बाँकी सावा तथा ब्याज तिर्ने सम्बन्धमा पटक-पटक मौखिक, टेलिफोन, मोबाइल तथा पत्रहरुद्वारा अनुरोध गर्दा पनि आजसम्म उक्त रकम तिर्ने सम्बन्धमा कुनै चासो नदेखाइ बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस सस्थालाई नियमानुसार तिर्नपर्ने सम्पूर्ण रकम नतिरेमा धितो जमानत दिने ब्यक्ति समेतको ३ पुस्ते नामावलीसमेत स्थानीय र राष्ट्रिय पत्रिकामा प्रकाशन गरिने ब्यहोरासमेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपशिल**

| नाम | ठेगाना |
|---|---|
| भिमसेन घलान | हेटौडा १३,टुटेपानि |
| सुक्रम खड्की | हेटौडा ३ |
| सुर्य कुमारी मगर | हेटौडा ८,कमाने |
| रोमन आचार्य(बिन्दावासिनि सप्लायर्स) | हेटौडा ६,निउरेनि |
| दल बहादुर बैज्यु<br>बद्रि बहादुर धागामगर | मकवानपुर गढि ४<br>कोगटे,भिमफेदी |
| सानु वावु बज्रचार्य | हेटौडा २,संगमचोक |
| गोकर्ण थापा मगर | हेटौडा ३,बसामाडि |
| शुक्र राजथला | हेटौडा २,बनस्खडि |
| ओम प्रकाश केशरी | स्थायि बारा बंधवन ७, हाल हेटौडा ४ सिमाचोक |
| नमबहादुर बराल | हेटौडा ५ |
| शिवचन्द्र प्रसाद कलवार | हेटौडा ४,स्थायि बारा महेशपुर ८ |
| प्रकाश रैइया | हेटौडा ९ |
| रोसन नेगि | हाल हेटौडा २,स्थायि नामटार ६ |
| सत्यभमा मास्के<br>सुनिल राउत | हेटौडा २<br>हेटौडा १०,स्थायि निजगढ ६ ,बारा |
| ज्ञानिमाया रुम्बा | हेटौडा २, स्थायि नामटार ६ |
| शुसिला विश्वकर्मा | हेटौडा ४,स्थायि हटिया ९ |
| अमन भण्डारी | स्थायि हरीवन ९,हाल हेटौडा ४ |
| किरण मुखिया | हेटौडा ४ |
| मच्छेन्द्र लाल नकर्मी | हेटौडा ४ |
| जुनु विश्वकर्मा | हेटौडा १९,बस्तिपुर |

**दिब्यतारा बहुउद्देश्यीय सहकारी संस्था लि.**

हेटौडा-२, मकवानपुर, फोन नम्बर : ५२४९१६

**इमेल** : *divyatara2000@gmail.com*

# मधेशी युवालाई लोकसेवाबारे अभिमुखिकरण

साझाकुरा संवाददाता

हेटौंडा/मधेशी समुदायका युवाहरुलाई हेटौंडामा लोकसेवा तयारी कक्षा सम्बन्धि अभिमुखीकरण कार्यक्रम गरिएको छ ।

मधेशी समुदायको सशक्तिकरणअन्तर्गत् आइतबार मधेशी आयोगको आयोजनामा लोकसेवा तयारी बारे अभिमुखीकरण गरिएको हो । कार्यक्रममा संयुक्त मधेशी सेवा समाज नेपालले सहकार्य गरेको थियो । कार्यक्रममा सहभागीलाई प्रदेश लोक सेवा आयोगले सहजीकरण गरेको थियो ।



मकवानपुरका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेले लोकसेवा आयोगको परीक्षामा मधेशी समुदायको सहभागिता विषयमा अबसर र चुनौती बारे प्रकाश पार्दै लोकसेवामा कसरी सहभागी हुने विषयमा प्रशिक्षण दिएका थिए ।

प्रदेश लोकसेवा आयोग हेटौंडाका सचिव रामकृष्ण अधिकारीले सरकारी सेवाको महत्व र परिचयको विषयमा सहजीकरण गरेका छन् । उनले प्रदेश लोकसेवा आयोगका संरचना, कक्षा तयारी गर्ने विधि लगायतका विषयमा सहभागीहरुलाई जानकारी गराएका थिए ।

हेटौंडा उपमहानगर पालिकाका सिनियर इन्जिनियर सत्यनारायण साहले लोकसेवाको महत्व र मधेशी समुदायको सहभागिताको विषयमा सहजीकरण गरेका थिए ।

अभिमुखीकरणमा मधेशी समुदायका ६० जना युवाहरुको सहभागिता रहेको संयुक्त मधेशी सेवा समाज नेपालका सचिव नन्दलाल दासले जानकारी दिए ।

मधेशी आयोगका अध्यक्ष डा. विजयकुमार दत्तको प्रमुख आतिथ्यतामा तथा मधेशी आयोगका सदस्य आभा कुमारीको सभाध्यक्षतामा अभिमुखीकरण भएको हो । कार्यक्रममा हेटौंडा उपमहानगर पालिकाकी उपप्रमुख मिनाकुमारी लामा, संयुक्त मधेशी सेवा समाज नेपालका अध्यक्ष सुशिल प्रसाद सेनुरियालगायतको आतिथ्यता रहेको कार्यक्रममा समाजका सहकोषाध्यक्ष राजदेव बानियाँले स्वागत मन्तव्य व्यक्त गरेका थिए ।

# सिर्जनशीलको साधारणसभा

साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुरगढी गाउँपालिमा रहेको सिर्जनशील समाज बचत तथा ऋण सहकारी संस्थाको १५ औं वार्षिक साधारणसभा भएको छ ।

साधारणसभालाई सम्बोधन गर्दै गाउँपालिका अध्यक्ष बिदुर हुमागाईंले सहकारीको माध्यमबाट समाजमा सिर्जनात्मक काम भइरहेको बताएका छन् । उनले सहकारी अभियानले स्थानीयको जीवनस्तरमै प्रभाव परेको भन्दै उत्पादन क्षेत्रमा लगानी गर्नुपर्नेमा जोड दिएका छन् । सहकारीहरुले अनुत्पादक भन्दापनि उत्पादनका क्षेत्रमा लगानी गर्नुपर्ने भन्दै स्थानीयले पनि सहकारीबाट ऋण लिएर कृषि तथा पशुपालनमा लगाए राम्रो हुने धारणा राखे ।




खुल्यो !! खुल्यो

नयाँ व्यवस्थापनका साथ अमलेखगञ्जको जस्तै

**लोकल कुखुराको लगायत मासुको आइटमको मिठो स्वाद**

**अब होटल म्याक्समा**

**सम्पर्क : होटल म्याक्स**

हेटौंडा-३, बसामाडी,

मो.नं. ९८४५०२५७२७


## JCI Bastipur साधारणसभा सम्बन्धी सूचना

बस्तीपुर जेसीज हाँडीखोलाको ९ औं बोर्ड बैठकको निर्णयअनुसार जेसीजको ११ औं वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा हुने भएकाले अनिवार्य उपस्थितिको लागि बस्तीपुर जेसीजमा आवद्ध सम्पूर्ण सदस्यहरुमा हार्दिक निमन्त्रणा गर्दछौं ।

**मिति**: २०७८ साल पुस १६ गते


**स्थान**: हात्तीगौंडा, जेसीज वन क्षेत्र, हेटौंडा-१९

**समय**: बिहान ७ बजे

जेसी जयराम सुवेदी

निर्वाचन आयुक्त

बस्तीपुर जेसीज हाँडीखोला


**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**

हेटौंडा-४, रजतजयन्ती, ,फोन: ९८४१७७१६६४, ९८५५०३१६६४

# हार्दिक बधाई तथा शुभकामना



दीपेन्द्रचन्द ठकुरी (अध्यक्ष)



भीमसेन कार्की (प्रथम उपाध्यक्ष)



सरोज न्यौपाने (द्वितीय उपाध्यक्ष)



सुदीप चौलागाई (सचिव)



राजक शाही (कोषाध्यक्ष)



देवनारायण शाह (सहकोषाध्यक्ष)



सानुकाजी बस्ताकोटी (सदस्य)



अनिल श्रेष्ठ (सदस्य)



पारस थिङ (सदस्य)



निरज पुडासैनी (सदस्य)



बुद्धराज बानियाँ (सदस्य)

हेटौंडा इन्फिल्डर्स् मकवानपुर (Hetauda Enfielders Makwanpur) को दोस्रो साधारणसभाबाट चयन हुनुभएका अध्यक्षसहित कार्यसमितिका पदाधिकारी र सदस्यहरुको सफल कार्यकालको कामना गर्दै हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

विजय थापा (संस्थापक अध्यक्ष)

**हेटौंडा इन्फिल्डर्स् मकवानपुर**


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना